बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

## सिन्धुली

# धानको खैरो थोप्ले रोग (Brown spot of rice)

*Helminthosporium oryzae* नामक ढुसीले गर्दा हुने यो रोगलाई वीउबाट सर्ने रोग (Seed Borne Disease) पनि भनिन्छ, किनभने यो रोगको जीवाणु बीउमा चार वर्षसम्म बस्न सक्छ।

### अनुकूल अवस्थाः

- माटोमा पोषक तत्वको कमी हुनु,
- सुख्खा माटो,
- उच्च तापक्रम (१५-३६°C),
- उच्च आर्द्रता (८६-१००%) ।

### लक्षणहरूः

- पातमा साना गोलाकार खैरो-बैजनी दागहरू देखापर्छ ।
- पछि ठूला भएर केन्द्रको भाग खैरो र किनारा हल्का रातो हुन्छ ।
- दानामा खैरो-कालो दागहरू देखिन्छ ।



### व्यवस्थापनः

- सरसफाइ र झारपात नियन्त्रण गर्ने,
- ब्याड राख्नु अघि गाईको मूत्रमा बीउ भिजाउने,
- जैविक मलको प्रयोग गर्ने,
- रोग प्रतिरोधी जातहरू प्रयोग गर्ने,
- बीउ उपचार गर्ने,
- म्यान्कोजेब ७५% WP वा प्रोपिनेव ७० % WP @ २-३ ग्राम प्रति लिटर पानीको दरले १५ दिनको फरकमा ३ पटक छर्ने ।

संकलक तथा तयारकर्ताः विशेषज्ञ सेवा शाखा, कृषि विकास कार्यालय, सिन्धुली